ART

Naga Theatre, Hotel Vajra, Bijeshwori, Swayambhu | 4th March | 7:30 p.m.

नाटकका बारे

हाँस्यरसले भरिएको गम्भीर नाटक हो -'आर्ट' । नाटकमा देखिने तीन जना पुरुषहरू काठमाडौँजस्तो सहरी समाजका प्रतिनिधि पात्रहरू हुन् । दाजु/भाइ वा साथी दुवै सम्बोधन चल्छ उनीहरूबीच । तिनै जना उद्यमी हुन्, प्रगति गर्न चाहन्छन् । समाजमा विशेष मान्छेको रूपमा चिनिन चाहन्छन् । उनीहरूमध्ये सबैभन्दा धनी चाहिँ कलामा लगानी गर्न इच्छुक छ । ऊ आधुनिक कलाकारहरूका महङ्गा सृजना खोज्दै हिँड्छ । कला क्षेत्रमा उसको लगानीले उसको बजारमूल्य समेत बढ्ने आशामा छ ऊ । यसबाट कला क्षेत्रका मान्छेसँग सम्पर्क बढाउन र उनीहरूलाई प्रभावित पार्न समेत बल पुग्ने ठान्छ ।

पछिल्लोपटक उसले किनेको कलाकृतिले त गोलीकै काम गऱ्यो- उनीहरूबीचको मित्रता सदाका लागि टुटाउने हदसम्म। नाटक अगाडि बढ्दै जाँदा आफूले दबाइराखेको रिस, डर, निराशा अनि अपमान छताछुल्ल हुन्छ । सम्बन्धको जटिलता सतहमा देखा पर्छ ।

बजारबाट कलालाई अलग राख्यो भने कलाको विकास सम्भव छ वा छैन भन्ने सवाल पनि नाटकले उठाएको छ । जवाफहरू बेग्लाबेग्लै हुन सक्छन्, तर जीवनमा मूल्यवान वस्तु के हो भनेर सोच्न पनि बाध्य बनाउँछ नाटकले ।

CAST & CREW

On Stage	Karma Kundoon
	Raymond Das Shrestha
Sets	Ludmilla Hungerhuber
Music	Aman Karna, Prince Nepali
Light	Shambu K. Lama
Set Painting	Biskash Tamakhu

ART

ART is based on the award winning play by Yasmina Reza.

Three young men, friends, 'brothers' - as they like to say in Nepal - are representatives for our urban Kathmandu society. All three are entrepreneurs, who want to reach the 'top', be recognized in society as "somebody special". One of them invests in art. He goes for the works of expensive, well known, modern artists. Besides being a good investment, he hopes these works of art are likely to raise his own market value, help him impress and meet the people "that count". Yet his latest purchase of art turns into a trigger that is about to destroy the friendship of the three men forever. They struggle and fight. Long suppressed anger, fear, disappointments and insults reveal the complexities of their relationship.

Director: Sabine Lehmann

Group: Studio 7

Language: English

Duration: 1 hour 45 minutes

Contact Details:

Sabine Lehmann
Studio 7
info@hotelvajra.com
Tel: 01-42715 45

Nepal International Theatre Festival 2019
Theatre for social transformation: An artistic voyage
Feb 25th - March 3rd | nitfest.org

Nepal
Afghanistan
Bangladesh
Denmark
India
Italy
Macedonia
Norway

कागजपत्र

नाटककार

यास्मिन रेजा नाटककार मात्र नभई अभिनेत्री, उपन्यासकार र पटकथाकार पनि हुन् । उनी पेरिसमा बस्छिन् । उनका छोटा तर व्यङ्ग्यले भरिएका नाटकहरूले समसामयिक मध्यमवर्गीय विषयहरूलाई सम्बोधन गर्छन् । कैयौं प्रतिष्ठित पुरस्कारबाट सम्मानित भइसकेकी छिन् उनी । 'आर्ट' (कला) र 'गड अफ कार्निज (मानवसंहारका देवता)' बाट नाटककारको रूपमा स्थापित भइन् उनी । 'मानवसंहारका देवता' नाटकबाटै सन् २०११ मा 'कार्निज (मानवसंहार)' सिनेमा बन्यो । यसको सह पटकथाकार समेत थिइन् यास्मिन । भेनिस अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा पुरस्कृत त्यस सिनेमाले पटकथाका लागि सेजर पुरस्कार पनि पाएको थियो ।

समूह बारे

काठमाडौंको स्वयम्भूस्थित स्टुडियो सेभेन अन्तर्राष्ट्रिय कलाकारहरूको एउटा समूह हो । सन् १९८१ मा स्थापना भएयता यस समूहले सविन लेहम्यानको निर्देशनमा नाटकहरू मञ्चन गर्दै आएको छ । यस समूहमा हाल नेपाललगायत हिन्दुस्तान, तिब्बत, अमेरिका र जर्मनीका कलाकारहरू आबद्ध छन् । यस समूहले अंग्रेजी भाषामा नाटक मञ्चन गर्ने गरेको छ । यसले गरेका नाटकहरूमा बर्तोल्त ब्रेख्तको 'थ्री पेन्नी अपेरा' देखि 'मिलारेपा' को जीवनकथा र लाखौं कविताहरू तथा महाभारतका विभिन्न अध्यायहरूसम्म पर्छन् । 'म्याजिक रियालिज्म' भन्न सकिने शैलीको अभ्यास गर्दै ऐतिहासिकदेखि समसामयिक घटनाक्रमहरूलाई आफ्ना नाटकहरूमार्फत उजागर गर्ने मार्ग स्टुडियो सेभेनले रोजेको छ ।

निर्देशकीय

सामाजिक महत्व बोकेको र आफैंलाई पनि चित्तबुझ्दो नाटक सहज रूपमा कहिल्यै मिलेन मलाई । तर, मेरो खोजाइका सबै मापदण्ड भेटियो यास्मिन रेजाको नाटक 'आर्ट' भित्र । यसले मानव व्यवहारका अनुद्घाटित पाटाहरू केलाउँछ र सतहमा ल्याउँछ ।

मेरो रोजाइको नाटकले पात्रहरूको परिवर्तित मनोदशा दर्शाउनु पर्छ । उपयुक्त विकल्प दिनुपर्छ । सन्तुलित जीवन बाँच्न अनि बौद्धिकता र खुसी प्रदान गर्न सक्नु पर्छ । आपसी मित्रता र विश्वासमा कसरी रमाउने उपाय सुझाउनु पर्छ । चरम पागलपनबीच पनि केही रमाइलो भेटियो वा नाट्य सहकर्मीहरूमा यस्तै समभाव पाइयो भने सम्पूर्ण नाट्यकर्म सही दिशामा डोरिन्छ, उपयोगी बन्न सक्छ । यस्तो नाटकमा दर्शकले आफ्नै प्रतिबिम्ब देख्न सक्छन् ।